**पुतलीबजार नगरपालिका**

**नगर कार्यपालिकाको बैठक**

बैठक संख्या :- १०८

मिति :-२०८१/०४/२३

बैठक स्थान :- नगरपालिकाको सभाहल

**निर्णय नं. १**

विगतको कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पोखराबाट मिति २०८१/०४/१३ को सूचना मार्फत माग गरिए बमोजिम निर्दिष्ट ढाँचामा तयार गरिएको नवप्रवर्तन साझेदारी कार्यक्रमको प्रस्तावना मुख्यमन्त्री कार्यालयमा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरयो । उक्त परियोजनाका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ बमिजमको लागत साझेदारीतामा परियोजना कार्यान्वयनमा ल्याउने र उक्त कार्यका लागि नगरपालिकालाई निर्धारित सबै दायित्व स्थानीय तहको हुने गरी स्व- घोषणा पत्र समेत पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

आ.व. २०८१/०८२ का योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत जिल्ला दररेट लाई नै आधार लिने निर्णय गरियो ।

**निर्णय नं. ४**

स्थानीय सेवाको गठन सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा २७ बमोजिम तहवृद्धि गर्न तोकीए बमोजिमको शैक्षिक योग्यता पूरा गरेका तथा पछिल्लो ५ वर्षको कार्यसम्पादन मुल्याङ्कनमा औषतमा ९५ प्रतिशत अंक र सो भन्दा बढी अंक प्राप्त गरेका निम्न कर्मचारीहरुलाई सम्बन्धित सेवा समुह भित्र मिति २०८१/०४/०१ गते देखि लागु हुने गरी तह कायम/ तह/स्तरवृद्धि गर्ने सम्बन्धि प्रमुख प्रसासकिय अधिकृत स्तरीय निर्णय अनुमोदन गर्ने गरियो ।

**निम्नः-**

| क्र. स | कर्मचारीको नाम /थर | हालको तह | वृद्धिहुने तह | पुरा गरेको न्युनतम सेवा अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी कोइराला | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौ | ५ वर्ष ८महिना २२ दिन | तहबृदी |
| २. | मोनिका गुरुङ | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | ८ वर्ष ५ महिना | तहकायम |
| ३. | गंगा श्रेष्ठ | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | ६ वर्ष ४ महिना १७ | तहकायम |
| ४. | ममता श्रेष्ठ | अ.हे.ब. चौथो | अ.हे.ब. पाँचौ | ६ वर्ष २ महिना २५ दिन | स्तरवृद्धि |

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं.५**

पुतलीबजार नगरपालिकाको सेवा करारमा कर्मचारी भर्ना तथा छनोट गर्ने अन्तर्वार्ता तथा सूचिकरण समितिद्वारा मिति २०८१/०४/१७ र २०८१/०४/२१ गते गरिएको निम्न पदहरुको सिफारिस तथा सेवा करार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**पदः- सहायक नगर प्रहरी निरीक्षक/नगर प्रहरी जवान तहः- सहायक चौथो /श्रेणीविहिन माग संख्याः-१/४**

| क्र.सं. | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | १२००१ | सविन लामिछाने | पु.ब.न.पा. - ११ | सहायक नगर प्रहरी निरीक्षक |
| २. | १३००३ | सुरज गुरुङ | पु.ब.न.पा.- १० | नगर प्रहरी जवान |
| ३. | १३००४ | रामकृष्ण सापकोटा | पु.ब.न.पा. - ११ | नगर प्रहरी जवान |
| ४. | १३००१ | सञ्जय कुमार रेग्मी | पु.ब.न.पा.- ५ | नगर प्रहरी जवान |
| ५. | १३००७ | राजेन्द्र सार्की | पु.ब.न.पा. -३ | नगर प्रहरी जवान |

**पदः- प्राविधिक सहायक तहः- सहायक पाँचौ माग संख्याः-१**

| क्र.सं. | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | १४००१ | अस्विन रेग्मी | पुतलीबजार - ५, स्याङ्जा | सिफारिस |

**निर्णय नं. ६**

सुरक्षित आप्रवासन कार्यक्रम (सामी) मा रिक्त विभिन्न पदहरुको पु.ब.न.पा. स्याङ्जा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ बमोजिम भर्ना तथा छनोट प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७**

महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रस्ताव नं.१३२५ र १८२० का प्रावधानहरुको कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको बुदा नं. १२.५ मा व्यवस्था भए बमोजिम तपशलिका सदस्यहरु रहने गरी स्थानीय निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

**स्थानीय निर्देशक समिति**

| | |
|---|---|
| १. संयोजक | नगर प्रमुख |
| २. सदस्य | नगर उप प्रमुख |
| ३. सदस्य | प्रमुख प्रशासकिय अधिकृत |
| ४. सदस्य | सामाजिक विकास समिति संयोजक |
| ५. सदस्य | शिक्षा शाखा प्रमुख |
| ६. सदस्य | स्वास्थ्य शाखा प्रमुख |
| ७. सदस्य | गै.स.स.महासंघ अध्यक्ष/ प्रतिनिधि |
| ८.सदस्य | अल्पकालीन सेवा केन्द्र प्रमुख |
| ९.सदस्य | स्थानीय प्रत्रकार मध्येबाट नगर प्रमुखले तोकेको १ जना |
| १०.सदस्य | सरकार पक्ष र विद्रोही पक्षबाट पीडित नगर प्रमुखले तोकेको महिला १/ १ जना |
| ११. सदस्य | जिल्ला प्रहरी कार्यालयबाट अधिकृत प्रतिनिधि १ जना |
| १२. सदस्य सचिव | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख |

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम ...
नगर प्रमुख

**निर्णय नं. ८**

विद्यालय समायोजन, बन्द तथा मर्ज भई फाजिलमा रहेका विद्यालय कर्मचारीहरुलाई नगरपालिका अन्तर्गतका शाखा उपशाखामा आवश्यकतानुसार कामकाज लगाउने सम्बन्धमा भएको नगर शिक्षा समितिको मिति २०८१/०४/१४ को बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

UNITED CITIES AND LOCAL GOVERMENTS ASIA PACIFIC को सदस्यता ग्रहण गर्ने तथा सदस्यता शुल्क भुक्तानी गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत